# गोलन्जोर गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय, ग्वालटार सिन्धुली ।

## सूचना । सूचना ।। सूचना।।।

मिति:२०७८/०४/३१

विश्वव्यापी माहामारीको रुपमा फैलिएको नयाँ भेरियन्ट सहितको कोभिड-१९ संक्रमणले मानव समुदायको जीवन आक्रान्त र भयावह भई धेरै मानव समुदाय क्षति भएको याहाँहरुलाई विदितै छ । यसै सन्दर्भमा नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र जिल्ला प्रशासन कार्यालयको परिपत्रानुसार यस गाउँपालिकाले तत् समयमा लकडाउन तथा निषेधाज्ञा गरी यस गाउँपालिकाका आम समुदायको स्वास्थ्य संम्वेदनशिलतालाई मध्यनजर गरि निरोधात्मक, प्रतिरोधात्मक र उपचारात्मक कार्य गर्दै मिति २०७८।०१।१९ गते देखि मिति २०७८।०३।०७ गते सम्म लकडाउन र सो को अतिरिक्त एम्वुलेन्स, औषधी, स्वास्थ्य उपकरण सहित एम. वि. वि. एस. डक्टर सहित गाउँपालिका स्तरिय सिघ्र कोभिड उपचार टोली गठन तथा परिचालन गरि घर घर मा विरामीलाई प्रत्यक्ष कोभिड सम्बन्धि औषधी, कन्ट्रयाक्ट ट्रेसिङ्ग, परामर्श लगाएत स्थानिय सरकारले आम गोलन्जोर वासिको कोभिड सम्वन्धि सेवा तथा परामर्श प्रदान गर्दै आएकोमा यो रोगको केहि मात्रामा न्युनिकरण तथा रोकथाम भएकोले नेपाल सरकारद्धारा पुनः लकडाउन खुल्ला गरेकोले सोहि अनुरुप गाउँपालिकाले पनी मिति २०७८।०३।०८ गते देखि लकडाउन खुल्ला गरेकोमा हाल यस गाउँपालिकामा क्षेत्रमा कोरोनाको संक्रमण तिव्ररुपमा वढन गई १ जनाको मृत्यु समेत भएकोले सो स्वास्थय संबेदनशिलता र संक्रमणदर बृद्धिको सूचकलाई मध्यनजर राखि निकट भविष्यमा हुने मानविय क्षतिका कारण गम्भिर अवस्था सृजना हुने पुर्वानुमान गर्दै मिति २०७८।०३।२४ गतेको कार्यपालिकाको निर्णयानुसार पुनः गाउँपालिका स्तरिय कोभिड नियन्त्रण तथा कन्ट्रयाक्ट ट्रेसिङ्ग टिम गठन गरि मिति २०७८।०४।२४ गते राती १२ बजे देखि मिति २०७८।०४।३१ गते सम्म लागु गरेको सो सूचनाको आधारमा गाउँपालिका क्षेत्रमा संक्रमण दरमा न्यूनता भएको महशुस गरि पुनःमिति २०७८।०४।३१ गते १२ बजे देखि मिति २०७८।०५।०६ गते वेलुका १२ बजे सम्म गाउँपालिका क्षेत्रमा अति आवश्यक सेवा वाहेकका तपशिलका सेवाहरु देहाय बमोजिम हुने भएकोले सोही अनुसार गर्नु गराउनु हुन आदेश अनुसार सार्वजनिक जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

देहाय :

| क्र स | सेवाको प्रकार | सेवा संचालन हुने समय | कैफियत |
|---|---|---|---|
| १ | औषधि पसल | जुनसुकै समय | |
| २ | फलफुल,तरकारी, खाद्ययाण्ड र डेरी | विहान ६ बजे देखि ८ बजे सम्म मात्र | |
| ३ | बैक | आईतवार मात्र | |
| ४ | वित्तिय संस्था सहकारी समुह पसल होटल लगाएत अन्य सबै सेवाहरु | पुरै बन्द | |
| ५ | गाउँपालिका प्रहरी र एम्बुलेन्स सेवा | २४ सै घण्टा खुल्ला | |
| ६ | गाउँपालिका क्षेत्रका पेट्रोल डिजेल पम्प | २४ सै घन्टा खुल्ने | |

**पालना गर्नु पर्ने नियमः**

१ अनिवार्य माक्स सेनिटाईजरको प्रयोग गर्ने ।

२ सामाजिक तथा भौतिक दुरी कायम गर्ने ।

३ सावुन पानीले हात धुने ।

४ अनावश्यक भिडभाड नगर्ने ।

५ विरामी भएमा वा परेमा यस गाउपालिकाको कोभिड युनिटको फोन नं ९८५४०४३८८१ श्री तारा कुमार श्रेष्ठ वा गाउँपालिका स्वास्थ्य शाखा प्रमुख श्री विरेन्द्र साहा फोन नं ९८४४०९८३७१ मा सम्पर्क राख्नु होला ।

नोटः माथीका नियम पालना नगरेका संक्रामक निवारण ऐन २०२० बमोजिम कारवाही हुने व्यहोरा समेत सूचित गरिन्छ ।

**बोधार्थ**

श्री ईलाका प्रहरी कार्यालय खुर्कोटः जानकारीको लागि सोही अनुसार मातहतका निकायहरुमा जानकारी गराई सहजिकरण तथा सहयोग लागि अनुरोध छ ।

श्री गाउँपालिका प्रहरीः सोही अनुसार गर्न गराउनु हुन ।

( ठाकुर प्रसाद दाहाल )
शाखा अधिकृत

ठाकुर प्रसाद दाहाल
शाखा अधिकृत

स्वस्थ्य नै सम्पती हो , आफु बाचौं , परिवार, समाज आम नागरिकलाई बचौंउ ।
गोलन्जोर गाउँपालिकाको कार्यालय ग्वालटार सिन्धुली जनचेतनाको लागि जारी सन्देश ।

Scanned with CamScanner